नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

# बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

**(जारी मिति: २०७७-०३-२५ गते बिहान ०७ बजे देखि २४ घण्टासम्म )**

**३ दिन कन्काई,कोशी,कमला,बागमती,नारायणी नदी र प्रदेश १ र २ भई बहने नदीमा उच्च बहाव हुने, तटिय क्षेत्रमा सतर्कता जरूरी**

## नदीहरुको हालको अवस्था (Present River Status)

आजको मापन अनुसार कोशी, बागमती, नारायणी, पश्चिम राप्ती, कर्णालीमा बहाव बढ्दो छ तर सतर्कता तह भन्दा तलै छ। हाल दुधकोशी नदीमा बहाव सतर्कता तह आसपास रहेको छ। आज राती लमजुङको वेसिशहर,सिन्धुपाल्चोकको बाह्रविसे आसपास भारी बर्षा भएकाले सतर्क रहन तथा खोटाङ-ओखलढुङगाको दुधकोशी नदीटिय क्षेत्रमा जलसतह सतर्कता आसपास पुगेकोले सतर्क एस.एम.एस. समेत पठाईएको छ।

## बाढी पूर्वानुमान (Flood Forecast)

**पूर्वानुमान आज : असार २५ (बिहिबार)**

- आज कोशीमा बहाव उल्लेख्य बढ्ने र सहायक नदी दुधकोशी, सुनकोशी लगायतमा बहाव सतर्कता आसपास हुन सक्ने पूर्वानुमान छ। नारायणीमा पनि बहाव बढ्ने तर सतर्कता तलै हुने पुर्वानुमान छ। कर्णाली, महाकाली र यसका सहायक नदीहरुमा बहाव बढ्दो हुने तर सबैमा बहाव सतर्कता भन्दा तलै हुने।
- आज **कन्काई, कमला, बागमती,** पश्चिम राप्ती,बबई लगायतमा पनि बहाव बढ्दो हुने र सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ। **कन्काई, कमला, बागमतीका केहि स-साना सहायक नदीमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने र केहिमा खतरा तह आसपास सम्म पुग्न सक्ने**
- **आज मेचि, विरिङ, निन्दा, लोहन्द्रा, चिसाङखोला, त्रियुगा, माउली, गगान, खाडो, रातो, चुरियाखोला, लालबकैया लगायत प्रदेश १, २ र बागमती प्रदेशको चुरे र तराईबाट बहने साना नदीमा बहाव सतर्कता आसपास पुग्ने र केहिमा खतरा सम्म पुग्न सक्ने पुर्वानुमान छ।**
- **आज प्रदेश १ को झापा, मोरङ, सुनसरी, उदयपुर, प्रदेश २ को सप्तरी, सिराहा, धनुषा, महोत्तरी,सर्लाही र आसपास जिल्ला भई बहने स-साना नदीमा आकस्मिक बहावको(Flash Flood) उच्च संभावना।**

**पूर्वानुमान भोलि : असार २६ (शुक्रबार)**

- **भोलि कोशी नदीमा बहाव उल्लेख्य बढ्ने र सतर्कता तह आसपास सम्म पुग्न सक्ने, केहि सहायक नदीमा खतरा सम्म पुग्न सक्ने।** नारायणीमा पनि बढ्दो हुने र केहि सहायक नदीमा सतर्कता आसपास पुग्न सक्ने। कर्णाली,महाकाली र यसका सहायक नदीमा बहाव बढ्दो क्रममा हुने तर सतर्कता तह भन्दा तलै हुने पुर्वानुमान।
- भोलि कन्काई, कमला, बागमती, पश्चिम राप्ती लगायतमा पनि बहाव बढ्दो हुने तथा कन्काई, कमला, बागमती नदीमा बहाव सतर्कता आसपास हुने र **केहि सहायक नदीमा आकस्मिक बहाव भई खतरा आसपास पुग्न सक्ने।**
- भोलि प्रदेश १, २, बागमती प्रदेश र प्रदेश ५ को मध्यपहाडी, चुरे र तराईबाट बहने प्राय सबै स-साना नदीहरूमा बहाव बढ्ने तथा प्रदेश १ र २ भई बहने केहि स-साना नदीमा बहाब सतर्कता आसपास हुने तथा **केहिमा खतरा तह पुग्न सक्ने पूर्वानुमान छ।**

**पूर्वानुमान पर्सी : असार २७ (शनिबार)**

- **पर्सी कोशी र यसका सहायक नदीमा बहाव उल्लेख्य बढ्ने र खतरा तह आसपास सम्म पुग्न सक्ने,** नारायणीमा पनि बढ्दो हुने र केहि सहायक नदीमा सतर्कता आसपास पुग्न सक्ने। कर्णाली,महाकाली र यसका सहायक नदीमा बहाव बढ्दो क्रममा हुने तर सतर्कता तह भन्दा तलै हुने पुर्वानुमान।
- **पर्सी कन्काई, कमला,बागमती, पश्चिम राप्ती, बबई , तिनाउ र यसका सहायक नदीमा बहाव उल्लेख्य बढ्ने, कन्काई, कमला,बागमती र यसका सहायक नदीमा बहाव खतरा तह आसपास सम्म पुग्न सक्ने पुर्वानुमान।**
- पर्सी प्रदेश १,२, बागमती, गण्डकी, प्रदेश ५, कर्णाली र सुदूरपश्चिम प्रदेशको मध्यपहाडी, तराई र चुरेको भु-भाग भई बहने स-साना नदीहरूमा बहाव बढ्ने र **केहि स-साना नदीमा बहाव खतरा तह आसपास सम्म पुग्न सक्ने पूर्वानुमान छ।**

**सरोकारवालाका लागि परामर्श (Advisory):**

- **आगामी ३ दिन प्रमूख र मझौला नदीहरू कन्काई, कोशी, कमला, बागमती, नारायणी र यसका सहायक नदीमा बहाव सतर्कता आसपास हुने र केहिमा खतरा तह सम्म पुग्न सक्ने पुर्वानुमान रहेकाले नदीतटिय क्षेत्रमा उच्च सतर्कता अपनाउनहुन अनुरोध छ।**
- **आज र भोली कन्काई, कमला, बागमतीमा बहाव सतर्कता आसपास पुग्न सक्ने तथा कन्काई, कमला, बागमतीका केहि स-साना सहायक नदी लगायत प्रदेश १ को झापा, मोरङ, सुनसरी, उदयपुर, प्रदेश २ को सप्तरी, सिराहा, धनुषा, महोत्तरी,सर्लाही र आसपास जिल्ला भई बहने स-साना नदीमा आकस्मिक बहावको(Flash Flood) उच्च संभावना रहेको तथा भारतीय सीमा आसपास भारी बर्षाको पुर्वानुमान रहेकाले डुवान भईरहने होचा स्थान र नदीतटिय क्षेत्रमा उच्च सतर्कता अपनाऔ।**
- **आज र भोली बागमती, गण्डकी र प्रदेश ५ को मध्यपहाडी , चुरे र तराईबाट बहने स-साना नदीतटिय क्षेत्रमा आकस्मिक बहावको उच्च संभावना रहेकाले तटिय क्षेत्रमा सतर्कता अपनाऔ।**
- **नोट:** आज असार २५ गते देखि देशैभरका नदीको बहाव बढ्ने, असार २६ -३० सम्म कन्काई, कोशी, कमला, बागमती, नारायणी र यसको सहायक नदीमा बहाव बढ्ने र केहिमा खतरा सम्म पुग्न सक्ने मध्ययम संभावना। कर्णाली, पश्चिम राप्ती, बबई र महाकलीमा सामान्य बढ्ने र सतर्कता तलै हुने। साथै प्रदेश १ ,२ र ५ को चुरे र तराईबाट बहने प्राय सबै नदीमा बहाव सतर्कता तह आसपास र केहिमा खतरा पुग्न सक्ने संभावना रहेकाले पूर्वानुमानबारे नियमित जानकारी राखौं।

नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

**जल तथा मौसम विज्ञान विभाग**

**बाढी पूर्वानुमान महाशाखा**

(*बाढी पूर्वानुमान बुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं। विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं।

**नोट: पहेलो रङ्ले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङ्ले उच्च जोखिमको संकेत गर्छ।**

## *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*

   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv

   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry

2) *MFD Rainfall Forecast*

नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

जल तथा मौसम विज्ञान विभाग

**मौसम पूर्वानुमान बुलेटिन (Weather Forecast Bulletin)**

(जारी मितिः २०७७-०३-२५, बिहान ०६:०० बजे)

**मौसम विश्लेषण (Meteorological Analysis):-**

हाल देशभर मनसुनी वायुको प्रभाव रहेको छ ।

**हालको मौसमको अवस्था (Present Weather Status):**

देशभर आंशिक देखि सामान्य बदली रही प्रदेश १, प्रदेश २, बागमती प्रदेश, गण्डकी प्रदेश र प्रदेश ५का थोरै स्थानहरुमा मेघगर्जन/ चट्याङ हल्का देखि मध्यम वर्षा भईरहेको छ।

**आगामी तीन दिनको मौसम पूर्वानुमान**

**असार २५ गते (बिहीबार)**

**दिउँसो:** देशभर सामान्य देखि पूर्ण बदली रही सातै प्रदेशका धेरैजसो स्थानहरुमा मेघगर्जन/चट्याङ सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १, प्रदेश २ ,बागमती प्रदेश र गण्डकी प्रदेशका थोरै स्थानहरुमा र प्रदेश ५ र सुदूर पश्चिम प्रदेशका एक/दुई स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ ।

**राती:** देशभर सामान्य देखि पूर्ण बदली रही सातै प्रदेशका धेरैजसो स्थानहरुमा मेघगर्जन/चट्याङ सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १, प्रदेश २ ,बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश ५ र सुदूर पश्चिम प्रदेशका थोरै स्थानहरुमा र कर्णाली प्रदेशका एक/दुई स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ ।

**असार २६ गते (शुक्रबार)**

**दिउँसो:** देशभर सामान्य देखि पूर्ण बदली रही सातै प्रदेशका धेरैजसो स्थानहरुमा मेघगर्जन/चट्याङ सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १, प्रदेश २, बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश ५ र सुदुरपश्चिम प्रदेशका थोरै स्थानहरुमा र कर्णाली प्रदेशको एक/दुई स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ ।

**राती:** देशभर सामान्य देखि पूर्ण बदली रही सातै प्रदेशका धेरैजसो स्थानहरुमा मेघगर्जन/चट्याङ सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १, प्रदेश २, बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश ५ र सुदुरपश्चिम प्रदेशका थोरै स्थानहरुमा र कर्णाली प्रदेशको एक/दुई स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ ।

**असार २७ गते (शनिबार)**

**दिउँसो:** देशभर सामान्य देखि पूर्ण बदली रही मुलुकका सातै प्रदेशका धेरैजसो स्थानहरुमा मेघगर्जन/चट्याङ सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। सातै प्रदेशका थोरै स्थानमा भारी वर्षाको सम्भावना रहेको छ ।

**राती:** देशभर सामान्य देखि पूर्ण बदली रही सातै प्रदेशका धेरैजसो स्थानहरुमा मेघगर्जन/चट्याङ सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १, प्रदेश २, बागमती प्रदेश, गण्डकी प्रदेश र सुदुर पश्चिम प्रदेशका थोरै स्थानहरुमा साथै प्रदेश ५ र कर्णाली प्रदेशको एक/दुई स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ ।

3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*
5) *RIMES Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *DHM Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform( Stream Flow Prediction HIWAT tool for Nepal ( 3 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*

*11) SouthAsia Flash Flood Guidance System (WMO-HRC, US)*
*12) Other Global Flood Forecasts*
*13) Satellite Cloud Picture*
*14) Etc…*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: www.hydrology.gov.np लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।